परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३४१ •२०७९ साल फागुन ३ बुधबार •(15 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

स्रोत नखुलेको १७ लाख भारुसहित एक जना पक्राउ



टक नेपाल, महोत्तरी । स्रोत नखुलेको १७ लाख भारतीय रुपैयाँसहित महोत्तरीबाट एक व्यक्ति पक्राउ परेका छन् । मटिहानी नगरपालिका-८ स्थित दशगजा क्षेत्र नजिकैबाट ज.६ प ६६६४ नम्बरको मोटरसाइकलको ट्यांकीमुनि लुकाएर राखेको अवस्थामा रकम बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पक्राउ पर्नेमा मटिहानी-८ का २९ वर्षका महेश यादव रहेका जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी सन्तोष पोखरेलले जानकारी दिए । प्रहरी चौकी मटिहानी र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले यादवलाई पक्राउ गरेको हो । बरामद गरिएको रकम, मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको डिएसपी पोखरेलले बताए ।

बर्दिवास मेयर गोल्डकप : विराटनगरलाई हराउँदै धरान फाइनल प्रवेश



टक नेपाल, बर्दिबास । महोत्तरीमा जारी दोस्रो बर्दिवास मेयर गोल्डकप फुटबल प्रतियोगितामा धरान फुटबल क्लब फाइनल प्रवेश गरेको छ। मंगलबारको सेमिफाइनल खेलमा पेमा युवा क्लब विराटनगरलाई ०-१ गोलले पछि पार्दै धरान विजयी भएको हो । खेलको १६ र ४९ औं मिनेटमा धरान फुटबल क्लबका विनोद राईले २ गोल गरेपछि धरानले आफ्नो जित सुनिश्चित गरेको थियो । खेलको ७१ औं मिनेटमा पेनाल्टी पाएपछि पेमा युवा क्लबका फागुराम चौधरीले एक गोल गरेका थिए । मंगलबारको खेलमा धरान फुटबल क्लबका खेलाडी विनोद राई म्यान अफ द म्याच घोषित भएका खेल आयोजक नगर खेलकुद विकास बर्दिवासका सचिव अर्जुन बस्नेतले जानकारी दिए । सोमबारको खेलमा वाग्मती युवा क्लबलाई हराउँदै क्यामरुन एफसी फाइनलमा प्रवेश गरेको थियो । फागुन ४ गते बिहीबार हुने फाइनल खेलमा धरान फुटबल क्लब र क्यामरुन एफसीबीच प्रतिस्पर्धा हुने खेल आयोजक समितिले जनाएको छ । खेलमा ८ वटा समूहले भाग लिएका थिए।



बुवाको हत्यापछि न्याय खोज्दै भौतारिँदै



टक नेपाल, जनकपुरधाम । १७ वर्षीय अमृत राउत झोलाभरि कागजातहरू बोकेर सरोकारवालालाई गुहार्दै आफ्नो दुखेसो सुनाएर समय बिताइराखेका छन्। पढ्ने, लेख्ने उमेरमा राउत तनाव, रिस र आवेग बोकेर परिवारलाई न्यायका लागि लड्दै छन्। दर्जनौं सरोकारवाला व्यक्तिहरूलाई आफ्नो पीडा सुनाइसकेका राउतको समस्या कतिले सुनेर पनि नसुनेझैं गर्छन्। कतिले कुनै अर्कै निकायमा जानुस् भनेर आश्वासन दिएर पठाउँछन्। तर, उनको समस्या समाधानतिर न राज्य गम्भीर छ न त प्रशासन नै। नगराइन नगरपालिका–९ घोडघाँसका अमृतको जीवन ५ वर्ष पूर्वसम्म सामान्य नै थियो। उनी नियमित विद्यालय पनि जान्थे। पढेर राम्रो जीवन बिताउने सपना देख्थे। तर, वैदेशिक रोजगारीमा गएका उनका बुवा शिवरतन राउतको विदेशकै भूमिमा हत्या भयो। त्यसपछि उनको परिवार नै अस्तव्यस्त भएको छ।

-बाँकी पृष्ठ २ मा



बुवाको हत्यापछि.....

शिवरतन ७ वर्ष साउदी अरबमा काम गरी घर फर्किएका थिए । गाउँमा ७/८ महिना जति बसेपछि उनी फेरि वैदेशिक रोजगारका लागि कतार गए। तर, कतार गएको ७ महिनामै त्यतै हत्या भयो। शिवरतनको २०१८ पुस ८ गते कतारमा मृत्यु भयो। नेपाली राजदूतावासको मिति २०७६ साउन २१ गतेको पत्रअनुसार कपिलकोट–४, सिन्धुली निवासी नेपाली नागरिक कमल थिङलाई राउतको हत्याको आरोपमा कतारको प्रहरीले थुनामा राखी कारबाही समेत अगाडि बढाएको थियो। राउत कार्यरत कतारको कम्पनीले दूतावासमा पेस गरेको पत्रअनुसार थिङले नै राउतको हत्या गरेको उल्लेख थियो। कतारको अदालतले २०१८ फागुन २८ मा थिङलाई ३ वर्षको जेल सजाय र मृतकको परिवारलाई प्राप्त गर्ने गरी २ लाख कतारी रियाल ब्लडमनीको सजाय सुनाएको थियो। तर, थिङले अदालतको सो निर्णयविरुद्ध पुनरावेदन गर्दै नियतबस नभई दुर्घटनाबस राउतको मृत्यु हुन गएको बिन्ती अदालतमा पेस गरेपछि २०१९ असार ४ गते थिङको सजायलाई ३ वर्षबाट ६ महिनामा सीमित गरियो। तर, ब्लडमनी भने यथावत राख्ने निर्णय गरियो। थिङले ६ महिनाको जेल सजाय कतार मा भोगे र ब्लडमनी नबुझाएसम्म कतार छाड्न नपाइने अदालतको निर्णय बमोजिम कम्पनीकै क्याम्पसमा बसिरहेका थिए। तर, कोभिड महामारीका बेला प्रशासनको थिङ कतारको प्रशासनलाई झुक्याएर नेपाल फर्किए । उनले राउत परिवार लाई तिर्नुपर्ने ब्लडमनीबापतको २ लाख कतारी रियालसमेत तिरेनन् । यता, बुवाको हत्यापछि घरमा चरम आर्थिक अभावका कारण पढाइले खाइसमेत छाड्न बाध्य भएका अमृत र उनका दाजु राजन राउत न्याय पाउन पटक-पटक नेपाली राजदूतावासको शरणमा पुग्यो। हामीले ३ लाखभन्दा बढी ऋण लिएर पटक-पटक कन्सुलरमा गयौं। तर, कुनै सुनुवाइ भएन्,' निराश भएका अमृतले भने, 'अब त हत्या गर्ने मान्छे पनि नेपाल फर्किसकेको छ । अब त्यो ब्लडमनी पाउने आस पनि छैन । तर, यसरी कसैको हत्या गरेर, परिवारलाइ नै उजाडेर हत्यारा जोगियो भने न्याय पाउन कहाँ जाने ?' यता २०७९ साउन २६ गते कन्सुलर सेवा विभाग, काठमाडौंले राउत परिवारलाई उपलब्ध गराएको पत्रमा मृतक शिवर तन राउतको हत्या आरोपमा थुनामा रहेका एवं ब्लडमनी तिर्नपर्ने निर्णयमा परेका थिङ ब्लडमनी भुक्तान नहुँदै नेपाल पुगेको विषयमा कतारको कुनै निकायबाट यस नियोगलाई जानकारी प्राप्त नभएको उल्लेख छ। पत्रमा लेखिएअनुसार 'सामान्यतया कतारमा कुनै अभियोगमा अदालतबाट निर्णय भई कसूरदार ठहरिएका व्यक्तिलाई कतार छोड्न नमिल्ने गरी कतार सरकारले व्यवस्था गरेको हुन्छ। तथापि, यदाकदा केही व्यक्ति ब्लडमनी नतिरेकै अवस्थामा समेत कतारबाट आफ्नो मुलुक फर्कन सकेको पाइएको छ ।' पत्रमा उल्लेखित विषयमा आरोपित कमल थिङको सम्बन्धमा निजको कतार आईडी रद्द भइसकेको र निज ५८९ दिनदेखि कतारमा नरहेको पाइएको छ। यस परिस्थितिमा मृतकका कानुनी हकदारले आरोपितबाट पाउनुपर्ने ब्लडमनी तथा अन्य क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा आरोपित व्यक्ति कतारमै नरहेको हुँदा ब्लडमनी तथा अन्य क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया यहाँबाट थप अघि बढ्न नसक्ने व्यहोरा निर्देशानुसार अनुरोध छ। कन्सुलर सेवा विभागका द्वितीय सचिव भुवनप्रसाद भट्टको हस्ताक्षर रहेको पत्र राउत परिवारलाई थमाएर दूतावास आफ्नो दायित्वबाट पन्छिन खोजेको छ। तर, नेपाल फर्किसकेका आरोपी थिङलाई नेपालमै भए पनि ब्लडमनी तिराउनुपर्ने र आफ्नो परिवारले न्याय पाउनुपर्ने माग अमृतको छ। 'मलाई सबैले अदालतमा गएर मुद्दा दर्ता गराउन भन्छ। तर, परिवारको आर्थिक अवस्था निकै कमजोर भइसकेको छ। हामी जेनतेन जीविका चलाइराखेका छौं । यस्तोमा मुद्दामामिलाको खर्च कसरी टार्ने ?,' अमृतले भने, 'दूतावासले हत्यारालाई कारबाही गराउनुभन्दा पनि मुद्दालाई कमजोर पार्ने काम गरेको छ ।'

'मुख्यमन्त्रीले संसद्को विश्वासमा काम गर्नुपर्छ'

टक नेपाल, जनकपुरधाम।

मधेस प्रदेशसभा सदस्यले मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभाको अभूतपूर्व विश्वासलाई कायम राख्ने गरी काम गर्नसक्नुपर्नेमा जोड दिनुभएको छ । सोमबार मधेस प्रदेशसभाको पहिलो अधिवेशनको पाँचौं बैठकमा मुख्यमन्त्री यादवलाई बधाई ज्ञापन गर्ने कार्यसूचीमा आ-आफ्ना धारणा राख्दै प्रदेशसभा सदस्यले शत्प्रतिशत विश्वासको मत प्राप्त गर्नुभएका मुख्यमन्त्री यादवले त्यसको भावनाअनुसार उदाहरणीय काम गर्नसक्नुपर्ने बताएका हुन् । 'मुख्यमन्त्रीले उपस्थित एकसय दुई जनामध्ये शत्प्रतिशत मत पाउनुभयो, त्यो तपाईंको सौभाग्य हो', सभामा बोल्ने अधिकांश सदस्यले भन्नुभयो, 'त्यो मत मधेसको हितका पक्षमा काम गर्नका लागि हो, त्यसैले अघिल्लो सरकारका कामबाट पाठ सिक्दै सिङ्गो मधेस प्रदेश र यहाँका जनताको पक्षमा काम गर्नुहोस् ।' सम्बोधनका क्रममा प्रदेशसभा सदस्य जङ्गीलाल रायले मुख्यमन्त्री यादवले सडक र सदनमा उठेका कुरालाई सम्बोधन गर्ने अपेक्षासहित कांग्रेसले विश्वासको मत दिएकाले त्यसलाई मधेसको हितमा प्रयोग गर्न आग्रह गर्नुभयो । 'हामीले मधेस प्रदेशको हितका पक्षमा काम गर्ने अपेक्षासहित मत दिएका हौं', रायले भन्नुभयो, 'विश्वासको मत दिँदैमा सबै सत्तापक्ष हुन् र संसद्मा प्रतिपक्ष छैन भन्ने नरहोस्, आउने दिनमा मुख्यमन्त्रीले गर्ने काम र खेल्ने भूमिकाले नै थप मूल्याङ्कन हुनेछ, त्यहीअनुसार हामी प्रस्तुत हुनेछौं ।' त्यसैगरी प्रदेशसभा सदस्य गोविन्दबहादुर न्यौपानेले आफूहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिए पनि रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अहिलेको सरकारले सामन्तवादका अवशेषलाई हटाउने गरी समाजवाद उन्मुख नीति, बजेट तथा कार्यक्रम ल्याउने शर्तमा आफूहरूले शुभकामना मात्रै दिने बताउनुभयो । 'संसद्मा प्रतिपक्ष नभएको विषयमा कुरा उठेको छ, पछिल्लो राजनीतिक अवस्थाका कारण हामीले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका छौं', न्यौपानेले भन्नुभयो, 'जनअपेक्षाअनुसार काम नभएमा प्रतिपक्ष कति कडा हुन्छ भनेर देखाउने छौं, त्यसैले जनअपेक्षाअनुसार काम हुनुपर्छ ।' प्रदेशभा सदस्य रामअशिष यादवले लोकतन्त्रमा संसद् प्रतिपक्षको हुने भएकाले सरकारलाई नियमन र नियन्त्रण गर्न सबैले आवश्यकतानुसार प्रतिपक्षको भूमिका खेल्नुपर्ने बताउनुभयो । 'सङ्घीयता र गणतन्त्रको संस्थागत विकास र मधेसी जनताको हितलाई सर्वोपरि ठानेर मन्त्रिपरिषद्ले काम गर्न जरुरी छ', यादवले भन्नुभयो, 'पद सर्वकालीन हुँदैन तर पदमा भएको बेला गरेको काम सर्वकालीन हुने भएकाले लोकहितमा काम गरौं ।' मुख्यमन्त्रीलाई धन्यवाद दिनेक्रममा प्रदेशसभा सदस्य दीपेन्द्रकुमार ठाकुर, चन्दनकुमार सिंह, अभिराम शर्मा, जवाहरलाल कुशवाह, कञ्चन विछा, विला अन्सारी र उर्मिलादेवी सिंहले सभालाई सम्बोधन गर्नुभएको थियो । उहाँहरूले पनि मुख्यमन्त्री र उहाँ नेतृत्वको सरकारले जनजीवकासँग जोडिएका समस्या समाधान गर्दै सुशासन, सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार काम गर्ने अपेक्षा व्यक्त गर्नुभयो । यसअघि आजको बैठकमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रबाट मन्त्रिपरिषद् पुर्नगठनसम्बन्धी प्राप्त पत्र सभासमक्ष प्रस्तुत गरिएको थियो । प्रदेशसभाको अर्को बैठक भोलि बुधबार दिउँसो १ बजे बस्ने छ ।

मिर्चैया अस्पतालमा सेवाग्राहीको चाप बढ्यो

टक नेपाल, जनकपुरधाम।

मिर्चैया नगरपालिकास्थित मिर्चैया अस्पतालमा सुत्केरी हुन आउनेको चाप बढ्न थालेको छ । सामान्यदेखि शल्यक्रिया गरेरै सुत्केरी गराउनेलाई सम्पूर्ण औषधि र उपचार खर्च निःशुल्क भएपछि सेवाग्राहीको चाप बढेको हो । मिर्चैया नगरपालिकाले आफ्नै स्रोतबाट श्रोत परिचालन गरी निःशुल्क र चौबीसै घण्टा सुत्केरी सेवा प्रवाह गरेराखेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट एवं स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा सारिका गोइतले जानकारी दिनुभयो । अस्पतालमा चालु आर्थिक वर्षको सात महिनामा एक हजार एक सय ५० जनाको सुत्केरी भएका छन् । सुत्केरी भएकामध्ये एक सय २५ को शल्यक्रियाबाट सुत्केरी गराएको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालले सरकारद्वारा प्रदान गरिँदै आएको सुत्केरीलाई प्रदान गर्ने भत्ता हातैमा प्रत्यक्षरूपमा दिने गरेको मेडिकल सुपरिटेण्डेन्ट डा गोइतले जानकारी दिनुभयो । उहाँल भन्नुभयो, 'अस्पतालमा सुत्केरी गराउँदा पाउने यातायात खर्चवापतको एक हजार र चारपटकभन्दा बढी गर्भजाँच गराएको भए थप रु आठ सय सुत्केरी गराएर घर फर्किँदा हातैमा हालिदिन्छौं ।' प्रसूति सेवा, बालरोग विशेषज्ञ सेवा, समान्य मेडिसिन सेवा, एक्सरे, ल्याबसेवासहित अस्पतालका लागि आवश्यक सबै पूर्वाधार भएकाले सुरक्षित सुत्केरी गराउन अस्पताल सक्षम भएको अस्पताल प्रशासनले जनाएको छ । प्राथमिक स्वास्थ्य केन्द्रको जनशक्ति र नगरपालिकाले थप गरेका जनशक्तिबाट अहिले १५ शय्याको अस्पताल सञ्चालन भइरहेको स्वास्थ्य शाखा प्रमुख विजयकुमार सिंहले जानकारी दिनुभयो। उहाँले अस्पताल विकास समितिको अध्यक्षमा मिर्चैया नगरपालिकाका प्रमुख श्रवणकुमार यादवले धेरै सहयोग गर्नुभएको बताउनुभयो । नगरप्रमुख यादवले अस्पताललाई पूर्णरूपमा सबै सेवा पाउने गरी विकास गर्न लागिरहेकाले स्वास्थ्य सेवामा चालु आर्थिक वर्षका लागि रु ५० लाख रकम छुट्याइएको जानकारी दिनुभयो । सुत्केरी, बालरोगलगायतका अन्य समस्या लिएर निजी अस्पतालमा जान बाध्यता भएका यस क्षेत्रका सेवाग्राहीले गुणस्तरीय सेवा सुविधा पाएपछि सुत्केरीसहितका अन्य बिरामीले उपचार गराउन जानेको सङ्ख्या बढ्न थालेको छ। नगरप्रमुख यादवले सामान्य जनतालेसहज ढङ्गले उपचार पाउन सकुन् भन्ने उद्देश्यले अस्पतालको सेवा विस्तार गर्न लागेको बताउनुभयो । उहाँले भन्नुभयो, 'संविधानले नै निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउनु नैसर्गिक अधिकारका रूपमा व्याख्या गरेको छ । यसलाई कार्यान्वयन गराउने जिम्मा स्थानीय सरकारको पनि हो । यो संविधानको कार्यान्वयन गर्ने अभ्यास पनि हो ।'

बर्दिबास नगरपालिका

१ नम्बर वडा कार्यालय

बर्दिबास, महोत्तरी

मधेश प्रदेश, नेपाल

तार व्यवस्थापन सम्बन्ध बारे सुचना

मिति : २०७९।११।०२

प्रस्तुत विषयमा बर्दिबास बजार व्यवस्थापक तथा सरसफाई समितिको पत्रानुसार यस वडा अन्तर्गत संचालनमा रहेको विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरुले जडान गरेको तार (कनेक्सन बक्स समेत) यत्रतत्र झुन्डी रहेको अवस्थामा रहेको हुदा सडकको दायाँ बायाँ कुरुप नराम्रो देखिएकोले सात दिन भित्र उक्ता आ-आफ्नो तार (कनेक्सन बक्स) व्यवस्थापन गरी सडक सौन्दर्यमा सहयोगको अपेक्षा गर्दै यो सुचना जारी गरिएको व्यहोरा अनुरोध छ । साथै यस सुचनालाई अवज्ञा गरेमा नियमानुसार हुने व्यहोरा अनुरोध छ।

☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

प्रहरी कन्ट्रोल	१००		IRDs समाज सहकारी अस्पताल	५५०४०१
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५		सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६		छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला ट्रा.प. कार्यालय		५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५		बर्दिवास दुरसञ्चार	५५००००
शुभ स्वस्तिक हस्पिटल	५५०२५५		नेपाल रेल्वे जनकपुरधाम	५२०२११
बर्दिबास अस्पताल	५५००५०		जनकपुर आँखा अस्पताल	५२०३५७
रेडक्रस एमबुलेन्स	५२०१००		प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३
वारुण यन्त्र (दमकल)	५२००५७		सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
नेपाल विद्युत वितरण केन्द्र, गौशाला		५५६०८५	एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज)	०४१-६२०४५१, ५८०४८१५१२६
जलेश्वर अस्पताल	५२००७०			
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५		एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
बर्दिवास आँखा अस्पताल		५५०४७७	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४
मेरी स्टोप्स सेन्टर	५५०१२६		एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८		महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०

आजको राशिफल

मेष	समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ।	तुला	अवसरका लागि निकै संघर्ष गर्नुपर्ला। समयको महत्व नबुझ्नाले पछि परिनेछ।
बृष	घुमफिर तथा मनोरञ्जनमा समय बिल्नेछ।	वृश्चिक	बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ।
मिथुन	पहिलेको सफलताले हौसला जगाए पनि विवाद तथा मुद्दाहरूमा निकै सजग रहनुपर्नेछ।	धनु	कामबाट सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।
कर्कट	अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला।	मकर	प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।
सिंह	प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ।	कुम्भ	परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला। श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ।
कन्या	अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नर हला।	मीन	अस्वस्थताका बीच कामको बोझ बढ्नेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

....सम्पादकीय

औचित्यहीन राष्ट्रिय दिवस

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले 'जनयुद्ध दिवस' मनाउने निर्णय गरेर मुलुकमा फेरि अर्को विवाद सुरु गरेको छ। माओवादीले २०५२ फागुन १ देखि सुरु गरेको 'दीर्घकालीन जनयुद्ध' को पटाक्षप २०६३ मंसिर ५ गते भएको हो। माओवादीले तत्कालीन सरकारसँग बृहत् शान्ति सम्झौतामा हस्तक्षर गरी मुलुकको राजनीतिक मूलप्रवाहमा प्रवेश गरेको हो। सशस्त्र द्वन्द्वका १० वर्षको औचित्यमाथि अने कन प्रश्न गर्न सकिने भए पनि शान्ति प्रक्रियालाई आत्मसात गर्दै सबैले माओवादीलाई मूलधारको राजनीतिमा आउन सहयोग गरेका हुन्। माओवादीले पनि तत्कालीन अवस्थामा राज्यसत्तामाथि विजय हासिल गर्न सक्ने स्थिति नदेखी शान्ति प्रक्रियामा आउनु आवश्यक भएको हो। तत्कालीन सन्दर्भमा मुलुकमा लोकतन्त्र स्थापना गर्न माओवादी नेतृत्वले सात राजनीतिक दलसँग हातेमालो गरेका कारण पनि यस दलप्रति स्वीकारोक्ति भएको हो। माओवादीकै संलग्नतामा मुलुकमा संविधानसमेत जारी भएको छ। माओवादी सशस्त्र गतिविधि अन्त्य भएको झण्डै एक दशकमा बल्ल मुलुकमा नयाँ संविधान २०७२ असोज ३ मा जारी भएको हो। संविधानले 'जनयुद्ध' भन्ने शब्दावली प्रयोग नगरी विगतमा भएका आन्दोलनहरूलाई मात्र सन्दर्भमा लिएको छ। शान्तिप्रक्रियामार्फत मुलुकको शासन सत्तामा आए पनि माओवादीले बेलाबेलामा देखाएका अस्थिर चरित्रका कारण आलोचनाको विषय बन्दै आएको पनि हो। तथापि, समयक्रममा यसका नेता दाहालले आफूलाई लचिलोरूपमा प्रस्तुत गर्दै आएका कारण विश्वासको वातावरण बन्दै गएको हो। अहिले नेकपा (एमाले) लगायत दलका सहयोगमा प्रधानमन्त्री दाहालले 'जनयुद्ध दिवस' राजकीय स्तरमा मनाउने निर्णय गरेपछि स्वाभाविकरूपमा प्रश्न उठेको छ। माओवादीको विगत आन्दोलनले नेपाली समाज रूपान्तरणका निम्ति गरेको योगदानलाई अस्वीकार गर्न सकिँदैन। तर 'जनयुद्ध' को प्रक्रिया ठीक थिएन भनी मान्ने ठूलो जनसंख्या मुलुकमा छ। तैपनि शान्ति प्रक्रियामा आइसकेपछि त्यो गतिविधिलाई राजनीतिक परिवर्तनको घटनाक्रमका रूपमा स्वीकार गरिएको मात्र हो। मौका पाउनासाथ अहिले आएर राष्ट्रियस्तरमा बिदा दिएर 'जनयुद्ध दिवस' मनाउने निर्णय गर्नु उचित होइन। एकातिर, मुलुकमा बिदा चाहिने भन्दा धेरै भएका छन्। अर्कोतिर, आफ्नो राजनीतिक गतिविधिलाई सहयोग पुग्ने गरी राष्ट्रिय दिवस घोषणा गर्दा गलत परम्परा सुरु हुन्छ। माओवादीकै सिको गरेर आउने दिनमा नेपाली कांग्रेसले ओखलढुंगाको टिमुरबोटे काण्ड दिवस मनाउने निर्णय गऱ्यो भने वा एमालेले सुखानीका सहिदको सम्झनामा दिवस मनायो भने विरोध गर्न सक्ने अवस्था हुँदैन। यसले एकपछि अर्को होडबाजीको अवस्था सिर्जना गर्न सक्छ। त्यसैले आफ्ना दलगत गतिविधिलाई राष्ट्रिय दिवसका रूपमा घोषणा गर्ने प्रवृत्ति आफैंमा अनुचित छ । यतिबेला दाहाल मुलुकको तेस्रो ठूलो दलका नेता हुन्। प्रतिनिधिसभामा कुनै एक दलको बहुमत नभएका आधारमा मात्र उनले प्रधानमन्त्री बन्ने अवसर पाएका हुन्। आगामी फागुन २५ गते राष्ट्रपति निर्वाचनको तयारीमा रहेको मुलुकमा राजनीतिक प्रतिस्पर्धाको फाइदा उठाउँदै उनले यो बिदा घोषणा गरेको देखिन्छ। यो स्थितिमा न नेपाली कांग्रेस न एमालेले यसको विरोध गर्न सकेका छन्। आफ्नो राजनीतिक अभीष्ट प्राप्तिका निम्ति सत्ता साझेदार दलका नेताले गर्ने निर्णयमा विरोध नगर्ने हो भने यसले गलत परम्परा कायम गर्छ। आगामी राष्ट्रपति निर्वाचनलाई आफ्नो पक्षमा पार्न प्रयासरत दलका नेताहरूलाई दाहालले मौन तुल्याएका छन्। गत पुस २७ गते पृथ्वी जयन्ती मनाउनुपरेको र सपथग्रहणमा दौरासुरुवाल लाउनुपरेको बाध्यात्मक अवस्थाको प्रतिकारका रूपमा दाहालले 'जनयुद्ध दिवस' घोषणा गरेका हुन् भने यसलाई राजनीतिक बेइमानीका रूपमा लिइनेछ । हुन त मुलुकको राजनीतिमा राजनीतिक बेइमानीकै बोलवाला छ । जसले जति तिकडम गर्न सक्यो, उसले त्यति नै राजनीतिक फाइदा उठाउन सक्ने अहिलेको अवस्था छ। तर राष्ट्रिय दिवसलाई दलविशेषको राजनीति र आफ्नो झुकावको विषय बनाउनु हुँदैन। राष्ट्रिय दिवसको घोषणाले मुलुकलाई जोड्नुपर्छ। त्यसले अनाहकमा संशय पैदा गर्ने स्थिति उत्पन्न गर्नुहुँदैन। यसपटकको यो निर्णयले निर्वाचनपछि आउने सरकारले जसरी मुलुकका निम्ति अत्यावश्यक काम गर्छ भन्ने सोचिएको थियो, त्यस विपरीत मुलुकलाई अगाडि बढाइरहेको छ । आमजनमानसमा यसले शंका र आक्रोशको अवस्था पैदा गर्छ । यसै पनि नेपाली समाज चेतनशील भन्दा बढी प्रज्वलनशील बनिरहेको छ । र यसले थप प्रज्वलनशील बनाउन मात्र भूमिका खेल्छ। हाम्रो मुलुक विभिन्न कालखण्डको यात्रा गर्दै यहाँसम्म आइपुगेको हो। मुलुकले प्राप्त गरेको राजनीतिक उपलब्धि र हासिल गरेको चेतनालाई समृद्धि यात्रातिर लैजान विशेष ध्यान हुनुपर्छ। अनावश्यक विवाद सिर्जना गर्ने निर्णयतिर लाग्नु सरकारका निम्ति उचित हुँदैन। माओवादी सशस्त्र गतिविधिका कारण १७ हजार नागरिकले ज्यान गुमाएका छन्। त्यसको औचित्य पुष्टि हुन सकेको छैन। त्यसैगरी त्यस गतिविधिका क्रममा परिवार गुमाएका, अंगभंग भएका र अन्य पीडामा परेका व्यक्तिमाथि यथोचित न्याय गर्न सकिएको छैन। बरु राष्ट्रिय दिवस मनाउने यो निर्णय उनीहरूमाथि थप पीडा हुन सक्छ। त्यसैले सकेसम्म विवादका पक्षलाई कम गर्दै संक्रमणकालीन न्यायका मुद्दालाई संबोधन गर्नीतिर प्रधानमन्त्री दाहालको ध्यान पुग्नु आवश्यक छ। यस्ता विवादित विषयमा प्रवेश गरेर माओवादीले आफूप्रतिको विश्वास कम गर्नुहुँदैन।

निर्माण भएको एक वर्षपछि बसपार्क सञ्चालन

टक नेपाल, सर्लाही।

सर्लाहीको मलङ्गवा नगरपालिका-२ मा निर्माण गरिएको सुविधा सम्पन्न बसपार्क प्रयोगमा ल्याइएको छ। मलङ्गवा नगरपालिका -२ मा सङ्घीय सरकारको रु आठ करोड ३१ लाखको लागतमा निर्माण गरिएको उक्त बसपार्क करिब एक वर्षपछि सञ्चालनमा ल्याइएको हो । मलङ्गवा नगरपालिका-९ मा रहेको पुरानो बसपार्क साँघुरो भएको र बजार विस्तारसँगै सवारी साधनको चाप बढेका कारण नयाँ बसपार्क निर्माण गरिएको थियो । नयाँ बसपार्कको निर्माण भएको करिब एक वर्ष हुनै लाग्दा पनि सरोकारवाला निकायले ध्यान नपुऱ्याउँदा बसपार्क प्रयोगविहीन अवस्थामा रहेको मलङ्गवा यातायात प्रालिका अध्यक्ष राजीव यादवले बताउनुभयो । आफूहरु नयाँ बसपार्कमा जान तयार रहे पनि ठेकेदार कम्पनीले नगरपालिकालाई बसपार्क हस्तान्तरण नगरेको र नगरपालिकाले पनि चासो नदिँदा नयाँ बसपार्कमा जान नपाइएको उहाँको भनाइ थियो । बसपार्क निर्माण भए पनि सरोकारवाला निकाय एकले अर्कोलाई आरोप लगाउँदै लामो समयसम्म मलङ्गवा नगरपालिका-९ मा रहेको पुरानो बसपार्कबाटै बस सञ्चालन गरेका नगरप्रमुख नागेन्द्रप्रसाद यादवले बताउनुभयो । उहाँका अनुसार नयाँ बसपार्कबाट बस सञ्चालनमा ल्याउने विषयमा जिल्लाका यातायात व्यवसायीसँग पटक-पटक छलफल गरिए पनि कुनै निष्कर्ष निस्केको थिएन् । केही यातायात व्यवसायीले नयाँ बसपार्कमा आफूहरु नजाने भन्दै नगरपालिकामा डेलिगेसन पनि आएका नगरप्रमुख यादवले बताउनुभयो । तर नगरपालिकाले कार्याविधि नै बनाएर नयाँ बसपार्कबाट बस सञ्चालन गरेको छ। करिब २५ रोपनी क्षेत्रफलमा निर्माण भएको बसपार्कमा एकैसाथ ५२ वटा ठूला र २० वटा साना गरी ७२ वटा यात्रीबाहक सवारीसाधन पार्किङ गर्नसक्ने क्षमता रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक ईश्वर कार्कीले बताउनुभयो । उहाँका अनुसार मलङ्गवा नगरपालिका- ९ मा रहेको पुरानो बसपार्कबाट बस सञ्चालन गर्दा ट्राफिक प्रहरीलाई व्यवस्थापनमा निकै समस्या हुने गरेको थियो । 'बजार विस्तासँगै साँघुरिँदै गएको पुरानो बसपार्कबाट बस सञ्चालन हुँदा सवारी व्यवस्थापनमा समस्या हुनाका साथै दुर्घटनाको जोखिम समेत बढ्ने गरेको थियो, अब नयाँ बसपार्कबाट बस सञ्चालन हुँदा बसपार्कका कारण हुने बजारको भीडभाड पनि कम हुने र दुर्घटनाको जोखिम पनि कम हुन्छ ।' प्रहरी निरीक्षक कार्कीले भन्नुभयो । अढाइ तल्ले टर्मिनल भवन, शौचालय, खाने पानी, प्रतिक्षालय, वर्कसप, पार्किङलगायत सुविधा सहितको बसपार्क झापाको सुरुङ्गास्थित कन्काइ इन्टरनेशनल विल्डर्सले रु आठ करोड ३१ लाखको लागतमा निर्माण गरेको हो । नेपाल सरकारले ठूलो लगानी गरेर निर्माण गरिदिएको बसपार्क लक्ष्यअनुसार नै प्रयोगमा ल्याइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । उहाँका अनुसार राज्यले ठूलो रकम खर्चेर निर्माण गरिएको बसपार्कमा कुनै पनि बाहनामा जान्न भन्न नपाइने बताउनुभयो। बस पार्कबाट बस सञ्चालनको क्रममा कुनै किसिमका समस्या आएमा सुरक्षाका लागि सबै शक्ति लगाउन तयार रहेको प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताउनुभयो । नयाँ बसपार्कबाट बस सञ्चालनको क्रममा सुरक्षासम्बन्धी समस्या देखिएमा समाधानका लागि जिल्ला प्रहरी कार्यालय तयार रहेको उहाँले जानकारी दिनुभयो । राष्ट्रिय समाचार समिति(रासस)बाट पटक-पटक नयाँ बसपार्क निर्माण भए पनि बस नगएको विषयमा समाचार प्रकाशन भएपछि मलङ्गवा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको ध्यान केन्द्रीत भएको थियो । ठूलो रकम खर्चेर निर्माण भएको बसपार्क निर्माण सम्पन्न भएको करिब एक वर्षपछि मात्रै सञ्चालनमा आएको हो । राज्यको करोडौँ रकम खर्च गरेर बनाइएको बसपार्क निर्माण भइसकेको एक वर्षपछि सरोकारवाला निकायले संयुक्तरूपमा पुरानो बसपार्कबाट नयाँ बस पार्कमा बस लगेर सञ्चालनमा ल्याएका हुन् । जिल्लाबाट लामो तथा छोटो दूरीका गरी करिब ९० वटा बस दैनिक छुट्ने गरेका छन् ।

सप्तरीमा ऋणको तनाव सहन नसकेर महिलाले गरिन्

टक नेपाल, सप्तरी।

सप्तरीमा ऋण तिर्न नसकेर फेरि एकजनाले आत्महत्या गरेका छन्। सप्तरीको कञ्चनरुप नगरपालिका ९ विष्णुमन्दिर टोलका भीमबहादुर भुजेलकी श्रीमती ५८ वर्षीया शान्ता कुमारी भुजेल पासोमा झुण्डिएको अवस्थामा भेटिएकी हुन्। शान्ताको शवको पोस्टमार्टम गरी मृतक परिवारलाई जिम्मा लगाइएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी नायव उपरीक्षक नरेश सिंहले जानकारी दिए । शान्ताले विभिन्न लघुवित्त र साहुमहाजनबाट लिएको ऋण तिर्न नसकेपछि दिनैपिच्छे तनाव दिएका कारण मृत्यु रोजेकी स्थानीय बताउँछन्। भुजेल परिवारको सम्पतिको नाममा रहेको १० धुर घरघडेरी पनि एक वर्षअघि एकजना साहुको नाममा पास गरी ऋण लिएका थिए। घटनास्थलबाट फर्किएकी कञ्चनरुप नगर पालिकाकी उपप्रमुख मुना कुमारी पोखरेलले ऋणकै कारण तनावमा आएर शान्ताले आत्महत्या



गरेको स्थानीयले बताएको जानकारी दिइन्। गत असार महिनामा महुली स्थित लघुवित्तका कर्मचारीहरु भुजेलको घरमै पुगेर सबै सामान लगेपछि उनी निकै तनावमा रहँदै आएकी थिइन्। शान्ताका तीन छोरा छोरी छन्। दुई छोरीको बिहे भइसकेको छ भने एक छोरा वैदेशिक रोजगारमा छन्। बुहारी माइतमा छिन्। भीमबहादुर र श्रीमती शान्ता घरमा बस्ने गरेका थिए। गत पुस १० मा सप्तरीकै छिन्नमस्ता गउँपालिका-२ रामपुरका ४५ वर्षीय रामदेव मरिकले ऋण तिर्न नसकेर आत्महत्या गरेका थिए ।



अलपत्र पुल निर्माणको माग गर्दै आमरण अनशन



टक नेपाल, रौतहट ।

पप्पु कन्स्ट्रक्सनले ९ वर्षदेखि अलपत्र अवस्थामा पुल निर्माणको काम छोडेको भन्दै पत्रकार सञ्जय सहनी आमरण अनशन बसेका छन् । जिल्लाको गौर र ईशनाथ नगर पालिका जोड्ने टिकुलिया घाटस्थित लालबकैया नदीमा पुल निर्माणको माग गर्दै सहनीले सोमवारदेखि आमरण अनशन शुरु गरेका हुन्। पप्पु कन्स्ट्रक्सनले अलपत्र पारेको लालबकैयाको पुल यथाशीघ्र निर्माणका लागि सोमबार साँझ ७ बजेदेखि सहनी लालबकैया खोलाको बगरमा आमरण अनशन बसेका छन् । सहनीले आफ्नो अभियानलाई सकारात्मक सोचका साथ लिन र सहयोग गर्न अनुरोध गरेका छन्। उनले आमरण अनशनबाटै प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, मन्त्री, सभामुख, पूर्व मन्त्री, मुख्य मन्त्री, सभामुख, सांसद, पूर्व सांसद, स्थानीय तह प्रमुख एवम् सरोकारवाला सम्पूर्णमा सम्बोधन गरेका हुन्। पप्पु कन्स्ट्रक्सनले २०७१ सालमा पुल निर्माणको टेण्डर लिएर सडक डिभिजन कार्यालय हेटौंडासँग २०७४ माघ २९ गतेभित्र निर्माण पूरा गर्ने सम्झौता गरेको थियो। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले पुलको शिलान्यास गरेका थिए। तत्कालीन सडक डिभिजन कार्यालय हेटौंडाबाट २० करोड ७२ लाखको लागतमा गौर-औरैया जोड्ने लालबकैया नदीमा २२५ मिटर लम्बाइ र ७.२ मिटर चौडाइ भएको पक्की पुल बनाउन बोलपत्र आह्वान गरिएको थियो । लागत इस्टिमेटभन्दा २८ प्रतिशत कम १४ करोड ९३ लाखमा टेन्डर पप्पु कन्स्ट्रक्सनले लिएको थियो। पप्पुले निर्माण गरेको पुलको पश्चिमतिरको दुईवटा गडर पनि गुणस्तरहीन भएको सडक डिभिजनको ठहर छ । २०७४ सालमा निर्माण पूरा हुनुपर्ने पुलको अधुरो संरचना गुणस्तरहीन भएकै कारण फुटेर भर्न थालेको थियो । म्याद नाघेको वर्षौंपछि पप्पुले गत वर्षदेखि पुरानै संरचनामा जोडेर निर्माण शुरु गर्दा डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले रोक्का गर्दा निर्माण कम्पनीले अटेरी गर्दै आएको थियो। पछि डिभिजन प्रमुख दारोगा साहले अदालतमा परेको पप्पुविरुद्ध मुद्दाको केही दिनअघि भएको फैसलाअनुसार पप्पुको बैंक ग्यारेन्टी समेत जफत भएको छ । पुल बनाउन पप्पुले उच्च अदालत वीरगन्जमा मागेको अन्तरिम आदेश खारेज भएपछि सडक कार्यालयले पप्पुको बैंक ग्यारेन्टी जफत गरेको हो। पुल नबनेका कारण स्थानीय बासिन्दा हिउँदमा बाँसको लच्का बनाएर आवतजावत गर्न बाध्य छन्। पुल नबन्दा बन्जरहा,औरैया, मठिया, जोकहा, नरकटिया, रामपुर खाप डुमरिया परोहा लौतना लगायत दर्जनौं गाउँका बासिन्दालाई सदरमुकाम गौर आउन जोखिमपूर्ण डुंगायात्रा गर्नुपर्ने बाध्यता छ। २०७५ भदौ ९ गते साँझ खेतमा काम गरेर फर्केकाहरू सवार डुंगा त्यही पुलको पिलरमा ठोक्किएर पल्टिँदा ५ जनाको ज्यान गएको थियो। डुंगामा सवार २४ जनाले पौडिएर ज्यान जोगाएका थिए। ती सबै घटनालाई मद्देनजर गर्दै स्थानीय पत्रकार सहनीले अनशन शुरु गरेको बताए। टिकुलिया घाटमा हालसम्म पनि पुल निर्माण नहुँदा बाध्य भएर अनशनमा बसेको सहनीले बताए। गौर टिकुलिया घाट लालबकैया नदीको पुल चाँडै निर्माण गर्ने निर्देशन हरिनारायण रौनियारले टेरेनन्। सहनीले पुल निर्माणसँगै टेण्डर लिएर लापरबाही गर्ने पप्पु निर्माण सेवाका तत्कालीन सञ्चालक हरिनारायण रौनियारमाथि कारबाहीको माग गरेका छन्। रौनियारको लापरबाहीले ५ जनाको ज्यान गएको भन्दै मृतक परिवार लाई क्षतिपूर्ति दिनुपर्ने उनको माग छ ।

आर्थिक संकटबीच रोकिएन जथाभावी खर्च, अर्थको निर्णय एक सातामै अलपत्र



टक नेपाल, धनुषा ।

मधेश प्रदेश सरकारले सोमबार जनयुद्ध दिवसको अवसर पारेर बडो तामझामसहित कार्यक्रमको गर्यो। उपराष्ट्रपति नन्दबहादुर पुनलाई प्रमुख अतिथि बनाएर भर्‍चुअलको कार्यक्रम गरिएको हो। मधेश प्रदेशको गृह तथा सञ्चार मन्त्रालय आयोजक रहेको कार्यक्रममा जनयुद्धका शहिद परिवारलाई आर्थिक सहायता समेत प्रदेश सरकारले गरेको छ। त्यसको ठीक एक दिनअगाडि सामाजिक विकास मन्त्रालयले लाखौँ रुपैयाँ खर्चेर समीक्षात्मक कार्यक्रमको आयोजना गरेको थियो। यसका साथै मधेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले वीरगञ्जस्थित बौद्धीमाई पोखरी सौन्दर्यीकरण कार्यक्रमको शिलान्यास समेत गरे। मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत त्यस पोखरीको ८० लाखको लागतमा सौन्दर्यीकरण गर्न लागेको हो । जबकि आर्थिक संकुचनका कारण कर्यौं कर्मचारीहरुले तलबसमेत पाइरहेका छैनन्। त्यसलाई मध्यनजर गर्दै प्रदेश सरकारले एक साता अगाडि मात्रै आर्थिक संकुचन बढेको भन्दै चालु आर्थिक वर्ष २०७९/०८०का लागि विनियोजन गरिएको बजेटबाट गोष्ठी, सभा सेमिनार, सम्झौता नभएका यो जनामा रोक लगाउने निर्णय गरेको थियो। गत माघ २३ गते प्रदेशको अर्थ मन्त्रालयले सबै प्रकारका गोष्ठी, सेमिनार, कार्यशाला, आर्थिक सहयोग, पुँजीगत तर्फ सम्झौता हुननसकेका योजनाहरु लगायतको २७ वटा शीर्षकमा २० प्रतिशत कटौती गर्ने निर्णय गरेको थियो। उक्त निर्णयको परिपत्र प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा कार्यालयहरुलाई गरिसकिएको छ । तर प्रदेशको अर्थ मन्त्रालयले आर्थिक संकुचनलाई ध्यानमा राखेर खर्च कटौती गर्ने निर्णय गरेको साता दिन नबित्दै प्रदेश सरकार अन्तर्गतकै मन्त्रालयहरुले कार्यक्रमकै नाममा करोडौँ रुपैयाँ खर्चिदै आइरहेका छन्। सोमबार मात्रै प्रदेश गृह तथा संचार मन्त्रालयले जनयुद्ध दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा जनयुद्धमा शहिद भएकाहरुको ५ सय ४० परिवारलाई आर्थिक सहयोग गरेको छ। प्रत्येक परिवारलाई १ लाख रुपैयाँको दरले ५ करोड ४० लाख रुपैयाँ प्रदेश सरकारले आर्थिक सहयोग गरेको छ । त्यस अघि सामाजिक विकास मन्त्रालयले गत आइतबार मात्रै होटलमा समीक्षात्मक कार्यक्रमको नाममा लाखौँ रुपैयाँ खर्चेको छ। अर्थ मन्त्रालयले खर्च कटौती गर्न ध्यान दिन आग्रह गरिरहँदा प्रदेशकै मन्त्रालयहरुले उक्त निर्णयको वेवास्ता गरेका छन् । मन्त्रालयहरुले निर्णयको बेवास्ता गरे पनि अर्थ मन्त्रालयले समेत आफ्नै निर्णय कार्यान्वयनतर्फ चासो लिएको छैन। मधेशका अर्थमन्त्री सञ्जय यादवलाई यस विषयमा बुझ्न खोज्दा उनले उल्टै मन्त्रालयहरुको बचाउ गरेका छन्। उनले पूर्वनिर्धारित कार्यक्रम रहेकाले रोक्न नमिल्ने प्रतिक्रिया दिए। 'पूर्वनिर्धारित कार्यक्रमहरु सम्पन्न त गर्नै पर्यो, मन्त्री यादवले भने, 'शहिद परिवारको सहायताबारे म यति भन्छु शहिदहरुकै बलिदानीकै बलमा मुलुकमा परिवर्तन आएको छ, उनीहरुको सम्मान गर्नु हाम्रो दायित्व हो।' पूर्व मुख्यमन्त्री राउतले समेत केही दिन अगाडि कार्यान्वयन नआएको योजनाको शिलान्यास गरे। उनले मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत वीरगञ्जको बौद्धीमाई पोखरी सौन्दर्यीकरणको शिलान्यास गरेर अर्थ मन्त्रालयको निर्णयलाई वास्ता गरेनन्। पर्साको पूर्वाधार विकास कार्यालयका प्रमुख दीपक मिश्रले भौतिक पूर्वाधार विकास मन्त्रालयले पठाएको योजनाहरुको विवरण अनुसार नै सौन्दर्यीकरण कार्यक्रमको शिलान्यास गरिएको दावी गरे । उनले पहिले नै सम्झौता भएको कार्यक्रम रहेकाले यसमा कुनै समस्या नहुने जानकारी दिए ।

सर्लाहीमा वर्षा नहुँदा हिउँदे बाली सुक्न थाल्यो

टक नेपाल,सर्लाही ।

लामो समयसम्म वर्षा नहुँदा सर्लाहीमा हिउँदे बाली सुक्न थालेको छ । गहुँ र जौलगायतका हिउँदेबाली र तरकारी खेती सुक्न थालेका हुन् । वर्षा नभएर बाली सुक्न थाले पछि मेहनत र खर्च खेर जाने भन्दै किसानहरु चिन्तित बनेका छन् । जिल्लाका अधिकांश क्षेत्रमा आकाशे पानीकै भरमा खेतीपाती गरिदै आएको छ । गहुँ छर्ने बेलादेखि पानी नपरेकोमा गहुँ पसाउने बेला भइसक्दासम्म पनि पानी पर्न सकेको छैन । हिउँदे मकै, मुसुरो, आलस र खेसरी पनि सुक्न थालेका छन् । सिंचाइको अभावका कारण उत्पादन घट्ने अनुमान गरिएको छ ।



बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास–३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com